संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६५ साउन २८**

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा छिमेकी तथा विद्यार्थीहरूका लागि ढोका खुला

विद्यालय र क्याम्पसका विद्यार्थीलगायत आसपासका समुदायबाट करिब ५० जना व्यक्तिहरूले मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय), नेपालको काठमाडौं छाउनीस्थित मुख्यालयको भ्रमण गरे। अगस्ट १२ अन्तर्राष्ट्रिय युवा दिवस हो।

उच्चायुक्तको कार्यालय-नेपालले आफ्नो इतिहास, गतिविधि तथा लक्ष्यहरूबारे जानकारी दिन ओपन हाउसको आयोजना गरेको हो। आगन्तुकहरूलाई कार्यालयको भ्रमण गराइयो र उनीहरूले श्रव्यदृष्य प्रस्तुतीको अवलोकन गर्नुका साथै कार्यालयका प्रमुख रिचर्ड बेनेट र उप-प्रमुख ज्योति साङ्घेरासमक्ष प्रश्नहरू राखे।

उच्चायुक्तको कार्यालयले सन् २००५ मईदेखि नेपालमा काम गर्न थालेको हो। अहिले यसको प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय कार्यालय तथा जनकपुरमा एउटा उप-शाखा कार्यालय छन्। थप जानकारीको लागि http://Nepal.OHCHR.org हेर्नुहोस्।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**